# संकट व्यवस्थापन केन्द्र (CCMC) ७औं बैठक

मितिः-२०७७।४।१५ बिहिवार

निर्णयहरु

१. हाल सार्वजनिक यातायात, ब्यापार तथा उद्योग कलकारखाना लगायतका क्षेत्रहरुमा मानिसहरुको भिडभाड बढ्दै गइरहेको देखिएको र सर्वसाधारणवाट स्वास्थ्य मापदण्डको पालनामा कमी भएको कारण संक्रमणको दर समेत बढेकोले कोभिड-१९ संक्रमण थप बढ्न नदिने गरी नेपाल सरकारले गरेका सबै निर्णयहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी स्वास्थ्य सम्बन्धी मापदण्डहरु, गृह मन्त्रालयबाट जारी सुरक्षा सम्बन्धी मापदण्ड तथा अन्य क्षेत्रगत मन्त्रालयहरुले तय गरेका मापदण्डहरुको कडाइका साथ पालना गर्ने गराउने र सम्बन्धित निकायहरुले सोको पालना भए/नभएको सम्बन्धमा कडाईका साथ अनुगमन गर्ने ।

२. हाल नेपाल प्रवेशको लागि तोकिएका स्थलमार्गका सीमानाकाहरुबाट प्रवेश गर्ने व्यक्तिहरुलाई प्रवेश विन्दुमै कडाइका साथ नियमन गर्ने र क्वारिन्टिनमा राखे साथै PCR परीक्षण पश्चात् सम्बन्धित गन्तब्यमा पठाउने व्यवस्था मिलाउने । यसका लागि २०७७ साउन १ देखि १४ गतेसम्मको नेपाल प्रवेश गरेका संख्याको विश्लेषणको आधारमा आवश्यक पर्ने थप क्वारिन्टिनको व्यवस्था प्रदेश सरकारको समन्वयमा DCCMC र LCCMC ले मिलाउने।

३. व्यवसायिक उडानवाट नेपाल आउने यात्रुसंग यात्रा शुरु गर्नुभन्दा अघि ७२ घण्टा भित्रको PCR परीक्षण नेगेटिभ भएको प्रमाणपत्र, कम्तीमा ७ दिनको उपत्यकाका तोकिएका होटलहरु बुक गरेको प्रमाण अनिवार्य गर्नुपर्ने छ । यस्तो प्रमाण भएका व्यक्तिहरुलाई मात्र हवाई कम्पनीहरुले टिकट Issue गर्ने। यस्ता यात्रुहरुले कम्तीमा ७ दिन अनिवार्य होटल क्वारेन्टिनमा बस्नु पर्ने र निजीखर्चमा पुनः PCR परीक्षण गरी नतिजा नेगेटिभ आएमा थप ७ दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य मापदण्ड पालना गर्ने गरी होम क्वारेन्टीनमा अनिवार्य रुपमा बस्ने गरी अनुमति दिन सकिने व्यवस्था गर्ने।

सचिव

नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समिति

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

४. नेपाल सरकारको पूर्व निर्णय बमोजिम विकास आयोजना, उद्योग कलकारखाना तथा यस प्रकारका अन्य कार्यमा ल्याउन अति आवश्यक भएका व्यक्तिहरुलाई मात्र सम्वन्धित मन्त्रालयले ल्याउन सिफारिस गर्ने। यसरी सिफारिस गर्दा स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण पालना हुनेर कुनै प्रकारको जोखिम नहुने सुनिश्चित गरेर मात्र सिफारिस गर्ने व्यवस्था कडाइका साथ लागू गर्ने। विदेशी नागरिकहरुलाई नेपाल प्रवेश अनुमति प्रदान गर्दा समेत उल्लेखित व्यवस्थाको सुनिश्चित गरेर मात्र अनुमति दिने ।

५. विदेशबाट नेपाल आएका व्यक्तिहरुको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा र स्थलमार्गको प्रवेश विन्दुमा नै अनिवार्य रुपमा यात्रु अभिलेखीकरण गर्ने, प्रवेश बिन्दुमानै क्वारेन्टिनमा राख्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको अबधिभित्र PCR परीक्षण गर्ने र स्वास्थ्य प्रोटोकल अनुसार अन्यन्त्र जान अनुमति दिने । क्वारेन्टिनमा रहेका व्यक्तिहरुको सम्बन्धित PCCMC, DCCMC र LCCMC ले प्रदेश सरकारसंगको समन्वयमा नियमित अनुगमनको व्यवस्था मिलाउने ।

६. यात्रा अनुमति दिएका बाहेक अन्य सबै सवारी साधन (ढुवानीका सवारी साधन बाहेक) हरुलाई बेलुका ७ बजेदेखि विहान ५ बजेसम्म आवागमन निषेध गर्ने ।

७. हाल खुला रहेका तथा सुचारु हुन बाँकी रहेका सेवा तथा कृयाकलापहरु संचालन सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ संक्रमणको वर्तमान प्रवृत्तिको विश्लेषण गर्ने ।

८. कोभिड-१९ को बिषयलाई लिएर नेपाल सरकार मन्त्रिपरिषद तथा कोभिड-१९ संकट व्यबस्थापन केन्द्र निर्देशक समितिले गरेका निर्णयहरुको कार्यान्वयनको CCMC ले बिशेष ब्यबस्था गरी प्रभावकारी अनुगमन गर्ने ।

९. कोभिड-१९ को सुरक्षाको लागि सर्वसाधारण नागरिकहरुमा सचेतना प्रदान गर्न निश्चित दिनको लागि नेपाल प्रहरीको समन्वयमा राष्ट्रिय सेवा दल र राष्ट्रिय स्काउटका स्वयंसेवकहरुलाई परिचालन गर्ने ।

सचिव

नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMC) निर्देशक समिति

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री